कार्यविधी नं.- १

# याङवरक गाउँपालिकाको स्रोत सञचालन तथा व्यवस्थापन कार्यविधी,२०७४

याङवरक गाउँकार्यपालिको बैठकबाट स्वीकृत मितिः-२०७४/०७।१६

याङवरक गाउँपालिका

थेचम्बू, ताप्लेजुङ,

१ नं .प्रदेश ,नेपाल

## याङ्वरक गाउँपालिका स्रोत सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७४

गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७४।०७।१६.को निर्णयबाट स्वीकृत

**परिचय :**

नेपाल सरकारबाट यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान,स्थानीय कार्यक्रम/आयोजना बजेट,राजश्व बाँडफाँड र अन्य अनुदान,गाउँपालिकाको स्वआर्जित धन, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई समन्वय एवम् एकिकृत गरी सर्वसाधारण जनता, विशेषतः यस गाउँपालिकामा रहेका गरिब, महिला, बालबालिका,दलित लगायत

सामाजिक तथा आर्थिक रुपले पछाडी परेका समुदाय एबम् क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरि स्रोत र साधनको अधिकतम परिचालन गर्दै स्थानीयको सेवा सुविधा र विकासमा न्यायोचित र दिगो विकास साथै गुणस्तरमा जोड दिंदै गरिबी न्यूनिकरणमा सहयोग पुचाउने अपेक्षाका साथ यो गाउँपालिका स्रोत सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ तयार गरिएको छ ।

प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम "याङ्वरक गाउँपालिका स्रोत सञ्चालन तथा व्यवस्थापन कार्यविधि" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषाः

क) "ऐन"भन्नाले स्थानीय सरकार संचालनका संबन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ सम्झनु पर्दछ।

क१) "आदेश" भन्नाले नेपाल सरकारबाट स्थानीय तह सञ्चालनका सम्बन्धमा जारी गरेको आदेश २०७३ सम्झनु पर्दछ ।

ख) "विषयगत शाखा" भन्नाले गाउँपालिका अन्तर्गतका विषयगत कार्यालयहरु सम्झनु पर्दछ ।

ग) "अनुदान" भन्नाले नेपाल सरकारबाट प्राप्त हुने निशर्त, सशर्त, वित्तीय समानीकरण,अन्तर सरकारी वित्तीय हस्तान्तरण संबन्धी अनुदान, स्थानीय विकास शुल्क, विकास साझेदारबाट प्राप्त हुन आउने नगदी, जिन्सी लगायतका सामानहरुलाई सम्झनु पर्दछ ।

घ) "निःशत" अनुदान भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट यस कार्यविधिको परिधि भित्र रही गाउँपालिकाको र राष्टिय् उद्येश्य प्राप्तीका लागि गाउँ सभाबाट कार्यक्रम तथा आयोजना स्वीकृत गरी बाँडफाँड र जवाफदेही ढङ्गले खर्च गर्न पाउने रकम सम्झनु पर्दछ ।

ङ) "सशत" अनुदान भन्नाले नेपाल सरकार, विषयगत मन्त्रालय, विकास साझेदार ववा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्येश्य तथा लक्ष्य प्राप्तीका लागि गाउँपालिकाको शर्तको परिधि भित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनु पर्दछ ।

च) "राजश्व बाँडफाँड" भन्नाले संघ, प्रदेश सरकारर जिल्ला समन्वय समितिले राजश्व बाँडफाँड बापत प्राप्त गरेको रकम मध्येबाट यस गाउँपालिकाले प्राप्त गर्ने राजश्वको हिस्सा सम्झनु पर्दछ ।

छ) "सामाजिक परीक्षण"भन्नाले यस कार्यविधिको अनुसूचि बमोजिमको ढाँचाको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनु पर्दछ ।

ज)"सार्वजनिक परीक्षण " भन्नाले कार्यविधिको अनूसूचि १२ बमोजिमको विकास कार्यक्रमहरुमा भएको लगानीको सरोकारवालाले गर्ने लेखा जोखा सम्झनु पर्दछ ।

झ) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन,व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफूहरु मध्येबाट निश्चित प्रकृया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

ञ) “सामुदायिक संस्था” भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण,सीप विकास, बचत,कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्येश्यले निश्चित प्रकृया अबलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचिकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ ।

ट) “गैसस” भन्नाले यस कार्यविधिको प्रयोजनका लागि प्रचलित कानुनको अधिनमा रही स्थापना भएका र गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्दछ । यो शब्दले आर्थिक वर्षको बीचमा वा सभाको निर्धारित समय पछि आउने नयाँ कार्यक्रमकाक हकमा गाउँपालिकामा जानकारी दिने गैसस समेतलाई जनाउँछ ।

ठ) “योजना” भन्नाले गाउँपालिकाले समग्र विकास निर्माण सम्बन्धी तयार गरेको आवधिक गाउँविकास योजना, वार्षिक योजना, लगायत सडक गुरुयोजना र विषयगत गुरुयोजना समेतलाई जनाउँछ ।

ड) “कार्यक्रम”भन्नाले निश्चित उद्येश्य प्राप्तीका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत कार्यक्रमलाई सम्झनु पर्दछ ।

ढ) “विकास साझेदार” भन्नाले नेपाल सरकार सँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्त राष्ट्रिय गैसस सरकारी संस्था आदि संझनु पर्दछ ।

ण) “लक्षित समूह” भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु जेष्ठ नागरिक,दलित, आदिबासी जनजाती, भिन्न क्षमता भएका व्यक्तिहरु एवं समुदाय सम्झनु पर्दछ ।

त) “बैंक वा वित्तीय संस्था” भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त बैंक वा वित्तीय संस्था संझनु पर्दछ ।

## ३. अनुदानको उद्येश्य :

नेपाल सरकारबाट यस याङ्वरक गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदानका उद्येश्यहरु :-

क) स्थानीय सीप श्रम स्रोत र साधनको सदुपयोग गरी जनताको सेवा सुविधामा पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने ।

ख) योजना तर्जुमा प्रकृयामा सार्थक सहभागितामूलक योजना तजुमा प्रकृया अबलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकिकरण, सञ्चालन एबम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने ।

ग)समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूल प्रवाहिकरण र सशक्तिकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने ।

घ) सबैको सरोकारका साझा विषय लैंगिक समानता, बालबालिकाको विकास, सामाजिक समावेशीकरण, वातावरण संरक्षण,जलबायु परिवर्तनमा असर पार्ने विषय,पूर्ण सरसफाइ, जातीय

छुवाछुत विरुद्ध अभियान जस्ता राष्ट्रिय सरोकारका विषयलाई अभियानका माध्यमबाट स्थानीयस्तरमा प्रवर्द्धन गर्न सहयोग पुर्‍याउने ।

ङ) स्थानीय रोजगारी र आय वृद्धिबाट जीवनस्तरमा सुधार तथा रहनसहनमा परिवर्तन ल्याई गरिबी निवारणको लक्ष्य पूर्तिमा सहयोग पुर्‍याउने ।

च) गाउँपालिकाको आन्तरिक आय वृद्धिका लागि सम्भावित क्षेत्रहरु पहिल्याई त्यसबाट अधिकतम आम्दानी वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

## ४. कार्यविधिको उद्येश्य :

यस कार्यविधिको उद्येश्य देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले प्राप्त गर्ने सबै प्रकारका स्रोत र साधनलाई उद्येश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धतिको निर्माणमा सहयोग पुर्‍याउने ।

ख) आयोजना व्यवस्थापन, बजेट निकासा, निकासा र खर्च प्रकृयालाई सरलिकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने ।

ग) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित गराउने, लेखा, लेखा परीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने ।

घ) स्थानीय तहमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने ।

ङ)गाउँपालिकाको अन्तर निकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने ।

## ५) समपूरक कोष सम्बन्धी व्यवस्था :

क) यस गाउँपालिकासँग सम्बन्धीत सरकारी, गैर सरकारी, निजी क्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिमको साझेदारी वा लागत सहभागिता गर्न समपूरककोषमा आवश्यक रकम छुट्याउन पर्नेछ ।

ख) कुनै त्यस्तो साझेदारी गर्न चाहने संस्थासँग साझेदारी गर्ने वा नगर्ने अधिकार गाउँकार्यपालिकामा सुरक्षित रहनेछ ।

ग)सामान्यतया : साझेदारीमा सञ्चालन हुने आयोजनाहरु गाउँपालिकाको सभाबाट स्वीकृत गराइएको हुनु पर्नेछ ।

## ६) मर्मत संभार कोष संबन्धी व्यवस्था :

क) गाउँपालिकाले आफ्नो भौतिक पूर्वाधार निर्माण कार्यक्रमहरुबाट ५ प्रतिशत रकम कट्टा गरी एक मर्मत संभारकोषको स्थापना गर्नेछ ।

ख) मर्मत संभार कोषको संचालन गाउँ कार्यपालिकाले स्वीकृत गरेको मर्मत संभार कोष कार्यविधि बमोजिम हुनेछ ।

## ७) विपद व्यवस्थापन कोष :

क) गाउँ सभाबाट विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउन एक विपद् व्यवस्थापन कोष स्थापना गर्नेछ ।

ख) गाउँ कार्यपालिकाले स्वीकृत गरेको विपद व्यवस्थापन कोष कार्यविधि बमोजिम हुनेछ ।

## ८) आयोजना व्यवस्थापन सेवा खर्च ( कन्टेन्जेन्सी ) सम्बन्धी व्यवस्था :

यस गाउँपालिकाले आयोजना व्यवस्थापन सेवा खर्च ( कन्टेन्जेन्सी ) भनी कुनै पनि रकम कट्टा गर्ने छैन ।

## ९) योजना तर्जुमा एवं कार्यक्रम छनौट :

अ) राजश्व परामर्श तथा स्रोत अनुमान समितिः

स्थानीय सरकार सञ्चालन र व्यवस्थापन गर्न बनेको ऐन२०७४ बमोजिम देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति हुने छ ।

क) अध्यक्ष – संयोजक

ख) उपाध्यक्ष – सदस्य

ग)कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको चार जना – सदस्य

यस समितिको काम कर्तव्य र अधिकार गाउँकार्यपालिका र गाउँसभाबाट पारित निर्णयका अतिरिक्त स्थानीय सरकार सञ्चालनका संबन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ६६ को उपदफा (३) बमोजिम हुनेछ ।

आ) बजेट तथा कार्यक्रम तर्जुमा समिति :

स्थानीय सरकार सञ्चालन र व्यवस्थापन गर्न बनेको ऐन२०७४ बमोजिम देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति हुने छ ।

क) उपाध्यक्ष – संयोजक

ख)विषयगत क्षेत्र हर्ने गाउँपालिकाका सदस्यहरु –सदस्य

ग)प्रमुख प्रशासकीय अधिकृत –सदस्य सचिव

यस समितिको काम कर्तव्य र अधिकार गाउँकार्यपालिका र गाउँसभाबाट पारित निर्णयका अतिरिक्त स्थानीय सरकार सञ्चालनका संबन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ६७ को उपदफा (२) बमोजिम हुनेछ ।

इ) स्थानीय राजश्व परामर्श समिति :

क) उपाध्यक्ष – संयोजक

ख)प्रमुख प्रशासकीय अधिकृत –सदस्य

ग)कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य मध्येबाट एक जना महिला सहित दुई जना –सदस्य

घ)उद्योग बाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि –सदस्य

ङ)घरेलु तथा साना उद्योग विकास समितिको अध्यक्ष वा प्रतिनिधि –सदस्य

च) कार्यपालिकाको राजश्व महाशाखा, विभाग वा शाखा प्रमुख – सदस्य

यस समितिको काम कर्तव्य र अधिकार गाउँकार्यपालिका र गाउँसभाबाट पारित निर्णयका अतिरिक्त स्थानीय सरकार सञ्चालनका संबन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ६५ को उपदफा (२) बमोजिम हुनेछ ।

ई) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण समति :

स्थानीय सरकार सञ्चालनका संबन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा ४ को खण्ड (ख)को उपखण्ड (५) को अधिनमा रही उपाध्यक्षको संयोजकत्वमा निम्न ५ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति रहने छ ।

क) उपाध्यक्ष – संयोजक

ख) गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तीमा १ महिला सहित ३ जना – सदस्य

ग) कार्यकारी अधिकृत वा निजले तोकेको गाउँपालिकाको कर्मचारी –सदस्य सचिव

यस कार्यविधिको दफा ९ को उपदफा (इ) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण समतिको काम कर्तब्य र अधिकारहरुः–

क) योजना अनुगमन तथा सुपरीवेक्षण गर्न ३ वटा सम्म उप समिति गठन गर्ने र सोको परिचालन गर्ने ।

ख) योजनाहरुको नियमित अनुगमन गर्ने साथै उपभोक्ता समितिहरुलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने । साथै अनुगमनबाट प्राप्त विवरण गाउँपालिकामा ७ दिन भित्र पेश गर्ने ।

ग) उपभोक्ता समितिको अन्तिम अनुमन प्रतिवेदनमा कार्य प्रगति हेरी भुक्तानी दिन सक्ने नसक्ने विषय उल्लेख गर्नु पर्ने ।

घ)प्रत्येक वडामा वडा स्तरीय १अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने ।

## १०. आयोजनाको अन्तर निकाय समन्वय :

पूर्वाधार लगायत आपसी सहकार्य र समन्वयका विषयहरुमा यो गाउँपालिका लाभान्वित हुने देखिएमा स्थानीय तहसँग संयुक्त समिति गठन गरी कार्य गर्न सक्नेछ ।

## ११) कार्यक्रम तथा आयोजना कार्यन्वयन प्रकृयाः

अ) गाउँपालिकाको योजना देहाय बमोजिम संचालित हुनेछ ।

क) गाउँपालिकाको आफ्नै स्रोतबाट,

ख) केन्द्रीय अनुदान,( सशर्त र वित्तीय समानीकरण,अन्तर सरकारी वित्तीय हस्तान्तरण)

ग) गैर सरकारी संघ संस्थाबाट प्राप्त अनुदान ।

आ) गाउँपालिकाले आयोजना छनौट गरि सके पछि सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

इ) गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रम गाउँपालिकासँग सम्झौता गरि सञ्चालन गर्नु पर्नेछ ।

ई) गाउँपालिकाले संचालन गर्ने कार्यक्रममा गैर सरकारी संस्थाको लगानी हुने अवस्थामा दुइ संस्था बीच सम्झौता गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## १२) आयोजना कार्यन्वयन र व्यवस्थापन :

क) गाउँ स्तरका ६० लाख भन्दा कमका पूर्वाधार निर्माणका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन हुनेछन् । उपभोक्ता समिति गठन गर्दा कार्यक्रमले प्रत्यक्ष प्रभाव पार्ने क्षेत्र भित्रका उपभोक्ताहरु मध्येबाट हुनेछ ।

ख) ६० लाख र सो भन्दा माथीका सडक निर्माण कार्य गर्दा कोटेसनको माध्यमबाट निर्माण कर्ता छनौट गरी आयोजना सोही मार्फत सञ्चालन गर्न प्रोत्साहन गरीनेछ । यस्तो कोटेसन मूल्यांमकन गर्न गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा,एक जना सब ईन्जीनियर सदस्य,लेखा अधिकृत वा लेखापाल सदस्य र कार्यकारी अधिकृत सदस्य सचिव रहेको ५ सदस्यीय मूल्यांकन समिति गठन गरिनेछ । र कार्यान्वयन प्रकृयामा सहयोग पुऱ्याउन गाउँपालिका स्तरमा ५ सदस्यीय आयोजना निर्माण सहजीकरण समिति गठन गरिने छ । आयोजना निर्माण सहजीकरण समितिको संयोजक कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ग) वडाबाट संचालन हुने गरि छनौट भएका ६० लाख भन्दा माथीका निर्माणकार्यको कोटेसन मूल्यांकन समिति संबन्धीत वडाका वडाध्यक्ष संयोजक रहेको ३ सदस्यीय मूल्यांकन समिति रहनेछ । जसमा गाउँपालिकाका प्रमुख वा निजले तोकेको कार्यपालिकाका सदस्यको रोहवर अनिवार्य उपस्थित भएको हुनु पर्नेछ ।

घ) यसरी कोटेसन आव्हान गर्दा ७ दिनको सूचना रेडियो मार्फत प्रसारित गर्ने व्यवस्था गरिनेछ ।

ङ) आवश्यक परेमा उपभोक्ता समितिहरुलाई अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

च) कुनै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको भौतिक निर्माण कार्य सोही संस्थाको संचालन समितिले गर्नेछ ।तर त्यस्तो संस्थाको संचालन समिति र अन्य अभिलेख गाउँपालिकाले तोकेको ढाँचा र मितिमा अनिवार्य गाउँपालिकालाई दिनु पर्नेछ ।

छ) १० लाख भन्दा माथीका योजना तथा कार्यक्रमहरुको कार्यन्वयनमा कार्यालयका प्राविधिक कर्मचारी, प्रतिनिधिहरु मार्फत अनिवार्य सुपरीवेक्षणको व्यवस्था मिलाइने छ ।

ज) कार्यक्रम/ आयोजना कार्यान्वयन गर्दा गराउँदा खर्च गर्ने अख्तीयारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरि खर्च गर्नेछ । गाउँपालिकाले प्राविधिक जनशक्ति परिचालन गर्दा गराउँदा गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

झ) खरिद कार्य गर्दा प्रचलित कानुन बमोजिम खरिद कार्य संचालन गरिनेछ ।

ञ) उपभोक्ता समितिहरुलाई सम्झौता गर्न भर पर्दो संचार माध्यम प्रयोग गरिनेछ ।

ट) शून्य पेश्कीको अवधारणालाई आत्मसात गरिनेछ ।

तर गाउँपालिका आफैंले संचालन गर्ने कार्यक्रमहरुमा पेश्की दिन बाधा पर्ने छैन ।

ठ) प्रचलित कानुन बमोजिम हिसाब किताब राख्ने जिम्मेवारी आयोजना संचालकको हुनेछ ।

ड) २ लाख भन्दा माथीका योजना तथा कार्यक्रमहरुको आयोजनाको लगत खात र योजना खाता राख्नु पर्ने छ ।

ढ) कार्यक्रम आयोजना संचालन गर्दा याङ्वरक गाउँपालिकाको गाउँ सभाबाट निर्धारित सिमाको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण - (आइ.इ.इ), र वातावरणीय प्रभाव मूल्याङ्कन -(इ. आइ. ए.) गरेर मात्र संचालन गर्नु पर्नेछ । साथै मन्त्रालयबाट निर्देशित वातावरणीय सामाजिक सुरक्षा सम्बन्धी निर्देशिकाको पालना गर्नु पर्नेछ ।

ण) कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा आयोजना सम्पन्न गर्नु पर्नेछ ।

त) गाउँपालिकाका सबै योजनाहरुको सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

## १३)उपभोक्ता समिति

क) उपभोक्ता समिति गठन गर्दा देहायका कुराहरु पालना गर्नु पर्नेछ ।

अ० उपभोक्ता समिति ९ सदस्यीय हुनेछ । (ठूला आयोजनाहरुमा १३ जना सम्मको हुन सक्ने

आ० ३३ प्रतिशत महिला र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

इ० वडा कार्यालय र गाउँपालिका दुवैमा उपभोक्ता समितिको अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ ।

ई० उपभोक्ता समितिको गठन वडाका वडा सचिव वा निर्वाचित पदाधिकारीको उपस्थितिमा हुनु पर्नेछ ।

उ० उपभोक्ता समितिको संचालन र नियन्त्रण गाउँपालिकाले गर्नेछ ।भुक्तानी र भुक्तानी प्रकृयाको बारेमा छड्के चेक जाँच गर्ने र पदाधिकारीहरुलाई पालिकाको कालो सूचिमा राख्ने र आगामी योजना संचालनमा सहभागिता बन्देज गर्न समेत सक्नेछ ।

ऊ० सरकारी सेवामा कार्यरत कर्मचारी जस्तै शिक्षक, निजामती कर्मचारी, सामाजिक परिचालक, स्थानीय तह अन्तर्गतका कर्मचारी साथै निर्वाचित पदाधिकारीलाई उपभोक्ता समितिमा राखिने छैन ।

ऋ० उपभोक्ता समितिलाई अनुगमन गर्ने संयन्त्र गाउँपालिकाले बनाउने ।

**ख)** ठूला मेशिनरी औजार उपकरणको प्रयोग इन्जिनियरको परामर्श लिएरमा प्रयोग गर्न सक्नेछ ।तर श्रम मूलक तवरबाट कार्य गराउने गरी लगत अनुमान तयार गरि मेशिनरी उपकरणको प्रयोगद्वारा काम गराइएको पाइएमा सो बापतको लागत व्यहोर्न गाउँपालिका बाध्य हुने छैन ।

**ग)** आयोजना कार्यन्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक प्रगति तथा वित्तीय प्रगति सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

## (१४)सार्वजनिक निजी साझेदारी :

क) गाउँपालिकाले संचालन गर्ने विकास निर्माण लगायत सेवा खरिद एवं सेवा प्रवाहका साथै राजश्व संकलन एवं आय आर्जन सम्बन्धी कार्य सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

ख) निजी क्षेत्र आकर्षित हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आब्हान गर्न सक्नेछ ।

## (१५)ठेक्कापट्टा द्वारा काम गर्न सक्ने :

क)उपभोक्ता समितिद्वारा काम हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन साथै वित्तीय जोखिम समेत रहने प्रकृतिका आयोजनाहरुको प्रचलित कानुन बमोजिम ठेक्कापट्टा द्वारा काम गराउन सकिनेछ ।

ख)ठेक्का पट्टा द्वारा काम लगाउँदा ५ सदस्यीय छुट्टै सहजीकरण एवं सुपरीवेक्षण समिति गठन गरिनेछ ।

## १६)जन सहभागिता एवं लागत सहभागिता :

क) उपभोक्ता समितिबाट गरिने कामका लागि उपभोक्ता समिति मार्फत २५ प्रतिशत सम्म जनसहभागिता वा लागत सहभागिता रहनेछ ।

**१७) आयोजना जाँचपास तथा फरफारक सम्बन्धी :**

गाउँपालिकाले गाउँपालिकामा एउटा देहाय बमोजिमको आयोजना जाँचपास तथा फरफारक समिति गठन गर्नेछ ।

क आर्थिक विकास समितिका संयोजक – संयोजक

ख) प्राविधिक कर्मचारी – सदस्य

ग)लेखा अधिकृत/ लेखापाल – सदस्य सचिव

गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएको भौतिक पूर्वाधार सम्बन्धी आयोजनाको हकमा सम्बन्धीत प्राविधिकले पेश गरेको अन्तिम मूल्याङ्कन,कार्य सम्पन्न प्रतिवेदन, र सार्वजनिक परीक्षण प्रतिवेदन समेतका आधारमा ३० दिन भत्र आयोजना जाँचपास तथा फरफारक गर्नेछ ।

गाउँपालिकाले जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ ।

**(१८)प्रगति प्रतिवेदन वा समिक्षा सम्बन्धी :**

गाउँपालिकाले संचालन गर्ने योजनाहरुको वित्तीय तथा भौतिक प्रगति विवरण तोकिएको ढाँचामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा मासिक तथा चौमासिक प्रतिवेदन पठाउनु पर्नेछ ।

मासिक प्रतिवेदन महिना समाप्त भएको ७ दिन भित्र र चौमासिक प्रतिवेदन मंसिर ७, चैत्र ७ र श्रावण ७ गते भित्र पठाउनु पर्नेछ ।

गाउँपालिकाले समग्र योजना तथा कार्यक्रमहरुको समिक्षा आर्थिक वर्षको अन्तिम महिनाको अन्तिम सातामा गर्नेछ । वडाहरुले वार्षिक समिक्षा आ.व.को अन्तिम महिनाको दोश्रो साता भित्रमा अनिवार्य सकी समिक्षा प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

अनुसूचि १

उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थाहरुको लगत

याङ्वरक गाउँ कार्यपालिकाको कार्यालय,ताप्लेजुं

| क्र.स | पदाधिकारीहरुको नाम थर | ठेगाना। टोल समेत | नागरिकता प्रमाण पत्र नं. जारी मिति र जिल्ला | उपभोक्ता समिति/सामुदायिक क्षेत्र/गै.स.स./निजी क्षत्र | | | | | फोन नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गठन भएको मिति | दर्ता मिति | बैंक खाता नं. | बैंकको नाम | पदाधिकारीको फोटो | |
| १ | अध्यक्ष | | | | | | | | |
| २ | सचिव | | | | | | | | |
| ३ | कोषाध्यक्ष | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ६ जना सदस्य | | | | | | | फोटो अनिवार्य छैन । | |

## अनुसूचि २

### अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

### याङ्वरक गाउँपालिकाको कार्यालय,ताप्लेजु•

योजनाको

क) नाम :

ख) लागत अनुमान :

ग) निर्माण प्रकृया :

उपभोक्ता समिति

सामुदायिक संस्था :

गैर सरकारी संस्था :

विषयगत कार्यालय :

सार्वजनिक निजी साझेदारी :

घ) योजना

१)सम्झौता मिति :

२)सम्पन्न हुने मिति :

३) जनसहभागिता वा लागत सहभागिता :

ङ) योजना

अनुगमन गर्दा निम्न पक्षहरुलाई ध्यान दिइ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

क) आर्थिक पक्ष : योजनामा प्राप्त बजेट तोकिएको उद्येश्यमा खर्च भए नभएको ।

ख) भौतिक पक्ष :

- कार्यतालिका बमोजिम समयमा काम भए नभएको, लागत इस्टमेट बमोजम कार्य भए नभएको ।
- सुपरीवेक्षण भए नभएको :
- तोकिएको लक्षित समूहमा कार्यक्रम पुगेको , नपुगेको वा तिनीहरुको सहभागिता भए नभएको ।
- सार्वजनिक परीक्षण, पारदर्शिता सम्बन्धी काम भए नभएको
- योजना तथा कार्यक्रम सम्बन्धी आम उपभोक्ताको धारणा

- अन्य कुरा आवश्यकता अनुसार खुलाउने

ग) बजेटबाट प्राप्त उपलब्धी बारे लेख्ने :

घ) फोटोहरु लिने

छ) अनुगमन गर्ने

पदाधिकारीहरुको नाम :

पद :

मिति :

## अनुसूचि .३

### गाउँपालिकाको वार्षिक भौतिक प्रगति प्रतिवेदन

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजु॰

### स्थानीय भौतिक पूर्वाधार

| क.स | विवरण / योजना तथा कार्यक्रमहरुको विवरण | इकाई | निर्माण सम्पन्न गरिएको चौमासि क अवधिको | प्रगति - निर्माणाधिन ) | हाल सम्म भएको खर्च | लाभान्विवत जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूचि ४

### चौमासिक निकासा र खर्चको प्रगति विवरण

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

आ.व. पूँजीगत/चालु

| क.स. | श्रोत | चौमासिक अवधि सम्मको निकासा | चौमासिक अवधि सम्मको खर्च | बाँकी | जिम्मेवारी सरेको रकम | क्रमागत योजनाको खर्च विवरण | चौमासिक सम्मको जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान | | | | | | |
| २ | वित्तीय समानीकरण | | | | | | |
| ३ | अन्तर सरकारी | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वित्तीय हस्तान्तरण | | | | | | |
| ४ | आन्तरिक आय | | | | | | |
| ५ | अन्य अनुदान | | | | | | |

तयार गर्ने चेक गर्ने स्वीकृत गर्ने

## अनुसूचि ५

### आयोजना लगत खाता

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

| क.स | आयोजनाको नाम | आयोजनाको वार्षिक विनियोजित रकम/खर्च रकम/वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. ०७४/०७५ | | आ.व. ०७५/०७६ | | आ.व. ०७६/०७७ | | आ.व. ०७७/०७८ | | | |
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| | | | | | | | | | | | |

## अनुसूचि ६

### योजना कार्यान्वयन कार्यतालिका

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

| क.स | योजना तथा कार्यक्रमको नाम | सम्झौता गर्ने समय/कार्य शुरु गर्ने /सम्पन्न गर्ने | | | जिम्मेवार निकाय (विषयगत कार्यालय,उ.स.,ठेक्का, टेन्डर तथा अन्य | अनुगमन तथा सुपरीवेक्षकहरु | प्रतिवेदन पेश गर्ने समय |
|---|---|---|---|---|---|---|---|
| | | सम्झौत ागर्ने समय | काम शुरु गर्ने मिति | काम सम्पन्न गर्ने मिति | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## अनुसूचि ७

### सूचना पाटीको नमुना

### याङ्वरक गाउँपालिकाको कार्यालय, ताप्लेजुङ

### २ लाख भन्दा माथीका सबै योजनाले अनिवार्य प्रयोग गर्नु पर्ने

| श्री याङ्वरक गाउँपालिकाको कार्यालय,ताप्लेजुङ | |
|---|---|
| योजनाको नाम : | बजेट |
| वडा नं. | गाउँपालिकाः |
| गाउँपालिका : | जनश्रमदान : |
| उपभोक्ता समितिको नाम : | जिन्सी सहयोग : |
| उपभोक्ता समितिका अध्यक्षको नाम : | प्राविधिक सहयोग : |
| जम्मा सदस्य संख्या : | निजी क्षेत्र सहयोग : |
| महिला सदस्य संख्या : | अन्य निकाय सहयोग - नाम उल्लेख गर्ने |
| योजना शुरु हुने मिति : | कुल लागत |
| योजना सम्पन्न हुने मिति | |
| योजना सम्पन्न भएको मिति : | |

## अनुसूचि ८

### आयोजना हस्तान्तरण लगत/ फारम

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

| सि.नं. | योजनाको नाम र स्थान | योजनाको | | निर्माण प्रकृया | | | | | | योजनाको विवरण | | | योजना हस्तान्तरण | | मर्मत संभार गर्ने निकायको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत अनुमान | खुद लागत | उपभोक्ता समिति | सामुदायिक संस्था | गैसस | विषयगत कार्यालय | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | जाँचपास मिति | मिति | जिम्मा लिने निकाय | |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |

आयोजना बुझाउनेको दस्तखत

आयोजना बुझ्नेको दस्तखत

| हस्तान्तरणका शर्तहरु |
|---|

क) हस्तान्तरण भएका योजनाहरुको मर्मत सम्भार सम्बन्धमा सम्बन्धित बुझिलिने निकायले निकायले जिम्मा लिनुपर्नेछ ।

ख) हस्तान्तरित आयोजनाबाट सरोकारवाला सबैको सहभागिता लाभको बाँडफाँडको प्रतिफल सम्बन्धमा उपभोक्ता समितिको निर्णयबाट गराउनु पर्नेछ ।

ग) मर्मत संभार सम्बन्धी व्यवस्था कार्यविधि समेत बनाई व्यवस्था मिलाउनु पर्नेछ ।

घ) यसै फारम बमोजिमको लगत कार्यालयमा खडा गरी राख्नु पर्नेछ ।

## अनुसूचि ९

## बैंक ग्यारेण्टी अभिलेख खाता

## याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

| सि.नं. | ठेकेदार वा | बैंक ग्यारेण्टी | बैंक ग्यारेण्टी | ग्यारेन्टी जारी | ग्यारेन्टी जारी | ग्यारेन्टी समाप्त | अवधि | म्याद थप गरेको | म्याद थप पछि | बैंक ग्यारेन्टीक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूचि १०

### बोलपत्र मूल्याङ्कन फारम

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

| सि.नं. | कामको विवरण | लगत इस्टमेट | | | .... ठेकेदारले कबोल गरेको | | | .... ठेकेदारले कबोल गरेको | | | .... ठेकेदारले कबोल गरेको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

उल्लेखित विश्लेषणले सबभन्दा घटी कबोल गर्ने ठेकेदारको नाम : कबोल गरेको अंक( अक्षर समेत)
उल्लेखित विश्लेषणले दोश्रो घटी कबोल गर्ने ठेकेदारको नाम : कबोल गरेको अंक( अक्षर समेत)
उल्लेखित विश्लेषणले तेस्रो घटी कबोल गर्ने ठेकेदारको नाम : कबोल गरेको अंक( अक्षर समेत)

## अनुसूचि ११

### ठेक्का पट्टा सम्बन्धी बिल

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

बिलको क्रमसंख्या: भुक्तानी भौचर नं.
योजनाको नाम : नापी किताब नं. को पृष्ठ नं. :
ठेकेदारको नाम : आइटमवाइज कार्य अभिलेख खाताको पृष्ठ नम्बर
ठेक्का पट्टाको संख्या : ठेक्का सम्बन्धी लागत नम्बर :
अघिल्लो भुक्तानी बिलको क्रम संख्या : ठेकेदारको व्यक्तिगत खाता नं. :
अघिल्लो भुक्तानीम बिलको भौचर नं. :
कार्य शुरु गर्न आदेश दिएको मिति :
काम सम्पन्न भएको मितिः

| पृष्ठमा | कामको विवरण | एकाई | अद्यावधि काम भएको | | | अघिल्लो बिलमा चढेको | | हाल भएको काम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) |
| | | | | | | | | | | |

उपर्युक्त बमोजिम ठिक छ भनी प्रमाणित गर्नेको सही : ठेकेदारको सही :

यो बमोजिमको जम्मा रु :............................

अघिल्लो बिलबाट भुक्तानीय भएको रु........................

बाँकी दिनु पर्ने रु.:.......................

कट्टा गर्नु पर्ने रु................

क) पेश्की ....................

ख) मालसामानको मोल ..........

ग) मेशिनरी औजारको बहाल ..............

घ) आयकर ...........................

ङ)धरौटी ................

च)अन्य .................

खुद लिनु पर्ने

| | | | |
|---|---|---|---|
| नापजाँच गर्नेको सही | नाप जाँच गर्नेको सही | जाँच गर्नेको सही | स्वीकृत गर्नेको सही |
| ओभरसीयर | इन्जिनियर | आर्थिक प्रशासन शाखा प्रमुख | अधिकार प्राप्त अधिकारी |

## अनुसूचि १२

### सार्वजनिक परीक्षणको फारम

### याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

श्री याङ्वरक गाउँपालिकाको कार्यालय,
थेचम्बु ताप्लेजुङ्ग

### खर्च सार्वजनिक सूचना फारम

१. आयोजनाको नाम :२. आयोजनाको स्थल

३.विनियोजित बजेट ४. आयोजना स्वीकृत भएको आ.व.

५.आयोजना सम्झौता भएको मिति : ६.काम सम्पन्न गर्नु पर्ने मिति :

७.काम सम्पन्न भएको मिति : ८. उ.स.को बैठकले खर्च स्वीकृत गरेको मिति :

### खर्च विवरण

| अ.अनुदान तर्फ | आ. श्रमदान तर्फ |
|---|---|
| क) निर्माण सामाग्रीहरु | क) निर्माण सामाग्री ( स्थानीय सामाग्री) |
| १. | १. |
| २. | २. |
| ३. | ३. |

४. ४.

ख) कामदार विवरण ख) कामदार विवरण

१. सिपालु दिन संख्या१. सिपालु दिन संख्या

२.ज्यामी दिन संख्या २.ज्यामी दिन संख्या

ग.ढुवानी विवरण ग.ढुवानी विवरण

१. ट्रक/ ट्याक्टर भाडा : १. ट्रक/ ट्याक्टर भाडा :

२.मानिस द्वारा ढुवानी २.मानिस द्वारा ढुवानी :

घ) मेशिन तथा औजार घ) मेशिन तथा औजार

१. १.

२.२.

खर्च सार्वजनिक समयको उपस्थिति :

१ उपभोक्ता समिति वा समूहका पदाधिकारीहरु २. स्थानीय सामाजिक संघ संस्था तर्फ

क) क)

ख) ख)

ग) ग)

घ) घ)

उपर्युक्त खर्च विवरण उपभोक्ता भेला तथा बेठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएकोछ । साथै उपभोक्ता तथा स्थानीय सामाजिक संघ संस्थाको रोहवरमा सम्पन्न आयोजनाको निर्माण कार्य सम्पन्न भएको र सो आयोजनाबारे सम्बनधित सबै सरोकारवालाको जानकारीका लागि सूचनापाटीमा टाँस गरिएकोछ ।

नाम: नाम: नाम:

उपभोक्ता समिति सचिवः उपभोक्ता समितिको अध्यक्ष स्थानीयतहको कर्मचारी/सामाजिक परिचालक

सार्वजनिक परीक्षणका लागि उपभोक्ता समिति/ सामुदायिक संस्थाले तयार गर्ने विवरणको ढाँचा

१. आयोजनाको नाम :

क)नाम : ख) स्थल

ग) लागत अनुमान घ)आयोजना शुरुहुने मिति :

ङ) आयोजना सम्पन्न हुने मिति :

२.उपभोक्ता समिति/सामुदायिक संस्थाको

क) नाम : ख) अध्यक्षको नाम :

ग) सदस्य संख्या

महिला पुरुष

३. आम्दानी र खर्चको विवरण :

क)आम्दानी तर्फ

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

ख)खर्च तर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामाग्री के.के खरिद भयो ? | | | |
| | | | |
| | | | |
| २.ज्याला | | | |
| | | | |
| | | | |
| ३. श्रमदान | | | |
| | | | |
| ४.व्यवस्थापन खर्च | | | |

मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| सामाग्रीहरु | | |
| | | |
| | | |

घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |
| | |

४. सम्पन्न आयोजनाका लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |
| | | |

५. आयोजनाले पुर्‍याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु)

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड ( कस-कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने

कोषाध्यक्ष सचिव अध्यक्ष

अनुसूचि १३

याङ्वरक गाउँपालिकाको कार्यालय ताप्लेजुङ्ग

योजना खाता

गाउँपालिका : याङ्वरक गाउँपालिका थेचम्बु,ताप्लेजुङ्ग

आयोजनाको नाम :

वडा नं. :

टोल ( साविक गाउँ विकास समितिको टोला/बस्ती

आयोजनाको कूल लागत:

सहभागिताको योगदान :

क)गाउँपालिका ............... ख) वडा ................ग) श्रमदान...............घ) उपभोक्ता नगद ........

ङ) अन्य साझेदार ........च) गैर सरकारी क्षेत्र ............

१.उपभोक्ता समिति सम्बन्धि विवरण

१.१. आयोजनाबाट लाभान्वित हुने

क) जम्मा परिवार संख्या ख) जम्मा जनसंख्या .....

ग) पिछडिएको परिवार संख्या घ) पिछडिएको वर्गको जनसंख्या

ङ) अन्य परिवार संख्या (च)

१.२. उपभोक्ता समिति गठन भएको मिति :
१.३. उपभोक्ता भेलामा उपस्थिति संख्या :
सि.नं. सहभागीको नाम लिङ्ग ठेगाना
१.
२.
..............................................................................................................................
..............................................................................................................................
१.४.उपभोक्ता समितिको पदाधिकारीको विवरण
सि.नं. पदाधिकारीको नाम लिङ्ग पद बुवा/पतिको नाम बाजेको नाम ठेगाना हस्ताक्षर
१.
२.
३.
..............................................................................................................................
..............................................................................................................................
१.५. योजना खाता राख्ने आधिकारिक पदाधिकारीको विवरण

| नाम | पद | ठेगाना |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |

## २) योजना सम्झौता फारम

समूह गठनमा संलग्न लाभान्वित परिवार संख्या :
पदाधिकारीको नाम र ठेगाना :

**१. सम्झौत गर्ने पक्ष र आयोजना :**

**(क) उपभोक्ता समिति /सामुदायिक संस्थाको विवरण :**

सम्झौता गर्ने संस्थाको तर्फबाट :

नाम **:**
ठेगाना :

**ख) आयोजनाको विवरण :**

१. नाम :
२.ठेगाना :
३. उद्देश्य :
४. आयोजना स्वीकृत गर्ने निकाय : गाउँ विकास समिति
५ .आयोजना शुरु हुने मिति :
६. आयोजना सम्पन्न हुने मिति :

**२. आयोजनाको लागत सम्बन्धी विवरण :**

**क. लागत अनुमान रु:**

**ख. लागत व्यहोर्ने स्रोतहरु :**

१. नेपाल सरकार बाट  रु:
२.गाउँपालिकाको कार्यालय याङ्वरक :
३.वडा कार्यालयबाट :
४. गैर सरकारी संस्थाबाट रु :

५ .सामुदायबाट आधारित रु :

६. विदेशी दातृ संघस्थाबाट रु :

७. उपभोक्ता समिति बाट रु.

८.अन्य बाट रु.बिद्यालयबाट

जम्मा रु.

**(ग) निर्माण सामग्री लागत :**

खरिद गर्नुपर्ने

१. सिमेन्ट ................बोरा ............के.जी. २) छड ..............के.जी. ३) ईंटा ....................................सख्या

४. जस्तापाता ( ................बन्डल ५) किला काँटी ..............द्द ज्ययपरछ ज्ययप . ६) काठ .... क्यू.फिट । ३) ईंटा ....................................सख्या

७. वायर रोप ................८) अन्य ............के.जी. स्थानीय सामाग्री ..............

बालुवा ...................................काठ.................औजार ............................

**(घ) निर्माण सामाग्री :**

१.सम्बन्धित विषयगत शाखा वा कार्यालय बाट प्राप्त : इकाइ परिमाण

२ गाउँपालिकाको तर्फ बाट :

३. उपभोक्ता समिति बाट :

४.अ गैर सरकारी संघ संस्थाबाट :

५. सामुदायमा आधारित संस्थाबाट :

६.अन्य बाट :

**(ङ) आयोजनाबाट लाभान्वित हुने :**

१. घरपरिवार संख्या :

२. जनसंख्या : महिला पुरुष

३. समुदाय : दलित ...... **आदिबासी** ...... जनजाती...... अपाङ्ग........ महिला .... .. बालबालिका.......

४. उपभोक्ता समितिमा लाभान्वित परिवार संख्या :

५. बस्ती संख्या / नाम :

६. अन्य :

३. उपभोक्ता समिति सम्बन्धि विवरण :

१) उपभोक्ता समिति गठन भएको मिति :

२) उपभोक्ता समिति वा गैर सरकारी संस्था वा समूदायमा आधारित संस्थका पदाधिकारीको नामावली र ठेगाना

| क्र.सं. | नाम, थर | पद | ठेगाना | ना.प्र.नं. |
|---|---|---|---|---|
| १. | | **अध्यक्ष** | | |
| २. | | **सचिव** | | |
| ३. | | **कोषाध्यक्ष** | | |
| ४. | | **सदस्य** | | |
| ५. | | **सदस्य** | | |
| ६. | | **सदस्य** | | |
| ७. | | **सदस्य** | | |

| | | | | |
|---|---|---|---|---|
| ८. | | **सदस्य** | | |
| ९. | | **सदस्य** | | |

३. उपभोक्ता समिति गठन गर्दा उपस्थित लाभान्वित हरुको संख्या :

४. उपभोक्ता समिति गठन गर्दा अनुपस्थित लाभान्वित सदस्य संख्या :

**४. आयोजना सञ्चालन सम्बन्धि अनुभव :**

**५. उपभोक्ता समिति वा संघसंस्थाले प्राप्त गर्ने किस्ता :**

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण सामाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|

पहिलो रनिङ बिलका आधारमा :

अन्तिम निकासा :

जम्मा :

६. आयोजना मर्मत संभार व्यहोर्ने संस्था (मासिक , चौमासिक ,वार्षिक स्रोत )

क) मर्मत सम्भारको जिम्मालिने समिति / संस्थाको नाम

ख) जनश्रमदान ( श्रमशक्ति संख्या )

ग) शुल्क बाट रु :

घ) दस्तुर, चन्दा रु.

ङ) ब्याज,अन्य वचत रु।

**७) अन्य (प्राविधिक र व्यवस्थापन सम्बन्धी )**

क)

ख)

ग)

**सम्झौताका शर्तहरु :**

१. प्राप्त रकम तथा निर्माण सामाग्री आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउनेछौं ।

२) आयोजना सम्पन्न भएपछि स्थानीयक निकायबाट जाँचपास गरी फरफारक लिनुपर्नेछ ।

३) आम्दानी /खर्चको विवरण र कार्य प्रगति उपभोक्ता समूहमा जानकारी गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।

४) नगदी /जिन्सी सामान प्राप्ती, खर्च र आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौं ।

५) आयोजनाको कूल लागत अनुमान भन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताबिकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनदिन सहमतछौं । थप रकम लाग्ने भए समयमै संशोधित अनुमान स्वीकृत गरी गर्ने गराउनेछौं ।

आयोजना सञ्चालन गर्ने निकायले आयोजनाको मर्मत सम्भारको व्यवस्था पनि गनुपर्नेछ ।

उपभोक्ता समिति /समूहको निर्णय अनुसार सबै काम गर्ने गराउनेछौं ।

आयोजना मिति २०७३।०८।२७ देखि शुरु गरी २०७४।०३।१५ सम्ममा पुरा गर्ने गराउनेछौं ।

अन्य

१) गाउँपालिकाले जुन सुकै बेलामा पनि कार्यक्रमको अनुगमन गर्न सक्ने छ ।

२) फर्निचर निमार्ण कार्य सम्पन्न भए पश्चात एक मुष्ठ भुक्तानी लिने दिने छ ।

३)

गाउँपालिकाको तर्फबाट :

नाम : श्री

दर्जा :

सही :

**मिति :**

**<u>द्रष्टव्य :</u>**

गाउँपालिकाको छापा

उपभोक्ता समितिको तर्फबाट :

अध्यक्ष :

सचिव :

सही :

उपभोक्ता समितिको छाप

सम्झौताका अन्य शर्तहरु आवश्यकता अनुसार सम्झौताका पक्षहरुले थपघट गर्न सक्नेछन् ।